# तातोपानी गाउँपालिका
# जुम्ला

| |
|---|
| स्थानीय राजपत्र |
| **खण्ड : ७ सङ्ख्या : ८ मिति : माघ २९, २०८०** |
| **परिच्छेद - १** |
| तातोपानी गाउँपालिका ,जुम्ला |
| स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तातोपानी गाउँपालिका ,गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागी यो राजपत्र प्रकाशन गरीएको छ। |
| **सडक आश्रित, सहयोगापेक्षी, मानव उद्धार, पुनःस्थापना तथा व्यवस्थापन कार्यविधि २०८०** |
| गाउँसभाबाट पारित मिति: २०८०।१०।२५ गते |
| प्रमाणिकरण मिति: २०८०।१०।२९ गते |

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिताकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

## सडक आश्रित, सहयोगापेक्षी, मानव उद्धार, पुनःस्थापना तथा व्यवस्थापन कार्यविधि

**२०८०**

गाउँसभाबाट पारित मितिः २०८०।१०।२५ गते
प्रमाणिकरण मितिः २०८०।१०।२९ गते

**प्रस्तावनाः**

तातोपानी गाउँपालिकामा सार्वजनिक स्थलमा कष्टपुर्ण जिबनयापन गर्न बाध्य व्यक्तीहरुको पहिचान,उद्धार संरक्षण तथा व्यवस्थापन गर्दै तातोपानी गाउँपालिकाले सडक आश्रित सहयोगापेक्षी मानवमुक्त पालिका बनाउन आवश्यक देखिएकोले,प्रशासकिय कार्यविधि ( नियमित गर्ने) ऐन २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी तातोपानी गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** १ यो कार्यविधिको नाम **सडक आश्रित सहयोगापेक्षी मानव उद्धार पुनःस्थापना तथा व्यवस्थापन कार्यविधि २०८० रहेको छ ।**

(२) यो कार्यविधि तातोपानी गाउँपालिका गाउँसभाले स्वीकृत गरि स्थानिय राजपत्रमा प्रकाशन गरे पछि लागु हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) **तातोपानी गाउँपालिका** भन्नाले तातोपानी गाउँपालिका सम्फनु पर्दछ।

ख) **"गाउँपालिका अध्यक्ष"** भन्नाले तातोपानी गाउँपालिका,जुम्लाको अध्यक्षलाई सम्फनु पर्छ ।

ग) **"उपाध्यक्ष भन्नाले"** तातोपानी गाउँपालिका,जुम्लाको उपाध्यक्षलाई सम्फनु पर्छ ।

घ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले तातोपानी गाउँपालिका जुम्लाका प्रमुख प्रशासकिय अधिकृत लाई सम्फनु पर्छ ।

ङ) **"सामाजिक विकास अधिकृत"** भन्नाले तातोपानी गाउँपालिका जुम्लाका सामाजिक विकास शाखाका प्रमुखलाई सम्फनु पर्छ र सो शब्दले प्रमुख प्रशासकिय अधिकृतले तोकेको सामाजिक विकास शाखा हेर्ने कर्मचारी समेतलाई सम्फनु पर्छ ।

च) **"गाउँपालिका"** भन्नाले तातोपानी गाउँपालिका जुम्लालाई सम्फनु पर्छ ।



"छ) **"कार्यपालिका"** भन्नाले तातोपानी गाउँपालिका,जुम्लाको गाउँ कार्यपालिकालाई सम्फ पर्छ ।

ज)**"सभा"** भन्नाले तातोपानी गाउँपालिका,जुम्लाको गाउँसभालाई सम्फनु पर्छ ।

झ) **"वडा"** भन्नाले तातोपानी गाउँपालिका जुम्ला अर्न्तगतका वडाहरुलाई सम्फनु पर्छ ।

ञ) **"संबिधान"** भन्नाले नेपाल सरकारको संविधानलाई सम्फनु पर्छ ।

ट) **"समिति"** भन्नाले यस कार्यबिधिको दफा ७ मा व्यवस्था भएको निर्देशक समितिलाई सम्फनु पर्छ ।

ठ) **शाखा** भन्नालेतातोपानी गाउँपालिका सामाजिक बिकास शाखालाई सम्फनु पर्दछ ।

### परिच्छेद-२
### उद्देश्य तथा उद्धार प्रतिक्रिया

**३. कार्यबिधिको उद्देश्य :**यस कार्यबिधिको उद्देश्य देहाय वमोजिमको हुनेछ

(क) घरपरिवारमा थुनिएर,वाधिएर अमानविय रुपमा जिवन जीउन बाध्य, मानसिक सन्तुल गुमाएका व्यक्तिको परिवारलाई दायित्व बोध गराई उचित रुपमा संरक्षणको वातावरण सिर्जना गर्नु ।

(ख) निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम मार्फत कुनै व्यक्तिलाई सडकमा जिवनयापन गर्नुपर्ने अवस्थाको अन्त्य गर्नु ।

(ग) सडक आश्रित सहयोगापेक्षी मानवमुक्त पालिका घोषणा गर्नु ।

**४. उद्धार तथा व्यवस्थापन प्रक्रिया :**सडक आश्रित सहयोगापेक्षी मानवको अवस्था अध्यय तथा उद्धार गर्दा दफा १७ को उपदफा (१) वमोजिम सम्फौता गरेको संस्थाले देहाय वमोजिमका प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(क) नियमित रुपमा सडक आश्रित सहयोगापेक्षी मानवको अवस्था अध्ययन तथा पहिचान गर्ने,

(ख) उद्धार कार्यक्रममा सम्भव भएसम्म स्थानीय जनप्रतिनिधि,प्रहरी सरोकारवाला निकायालाई समेत सहभागी गराउने,

(ग) उद्धार गर्दा सम्भावित जोखिमलाई मुल्याङ्कन गरी बढि जोखिममा रहेका सहयोगापेक्षीलाई प्राथामिकताको आधारमा उद्धार गर्ने ।

(घ) सहयोगापेक्षी अन्तिम विकल्पको रुपमा उद्धार गरी यथासम्भव पारिवारिक पुर्नमिलन गराउने उद्देश्यले आश्रयको व्यवस्था मिलाउने ।

(ङ) छ महिना भन्दा बढी आश्रममा रहेका तर पारिवारिक पुर्नमिलन सम्भव नभएकाको लागी पारिवारिक पुर्नमिलन सम्भव नहुनुका कारण खुलाई आश्रयमा रहने व्यवस्था मिलाइ सो को जानकारी गाउँपालिकालाई दिने ।

५. **अन्य स्रोतबाट प्राप्त जानकारीको आधारमा गरिने उद्धार प्रक्रियाः** अन्य स्रोतबाट प्राप्त जानकारीको आधारमा संस्थाले देहायको प्रक्रिया बमोजिम उद्धार गर्नेछ

(क) कुनै पनि व्यक्ति संघसस्था,सामाजिक सन्जाल वा पत्रपत्रिकाबाट उद्धार गर्नुपर्ने सहयोगापेक्षी मानवको बारेमा जानकारी प्राप्त भएमा उद्धारका लागी थप सुचनाको संकलन गर्ने,

(ख) सहयोगापेक्षी सडक मानव रहेको स्थानमा स्थानिय व्यक्ति वा स्थानिय तहका जनप्रतिनिधि र सुरक्षा निकायाका व्यक्ति समेत उपस्थितिमा निजको उद्धार गर्नुपर्ने स्पष्ट कारण खुलेको मुचुल्का वा उद्धार फारम भरी उद्धार गर्ने र सोको जानकारी सम्बन्धित स्थानिय तहलाई दिने,

(ग) घरपरिवार अमानविय तरिकाबाट बाँधेर वा थुनेर राखेको पाईएमा त्यस्तो परिवारलाई सम्झाई बुझाई अस्पतालमा लगी उपचार गराउन प्रेरणा प्रदान गर्ने,आश्रमबाट हुन सक्ने परामर्श सेवा उपलब्ध गराउने र सो गर्दा समेत अटेर गरेको पाइएमा सम्बन्धित सरोकारवाला निकायालाई लिखित जानकारी गराउने,

(घ) कुनै वडा तहबाट उद्धारको लागी अनुरोध भई आएमा सम्बन्धित स्थानिय तहसंग समन्वय गरी उद्धार गर्ने,

(ङ) उद्धार गर्दाको अवस्थाको मुचुल्का,स्थानिय तहको सिफारिस तथा अन्य कागजपत्र सहयोगापेक्षीको उद्धार गर्ने क्रममा खिचिएको तस्विर सुरक्षित रुपमा व्यक्तिगत फाइल बनाई स्थानिय जनप्रतिनिधि वा सम्बन्धित सरोकारवाला निकायबाट प्रमाणित गराई राख्ने,

६. **उद्धारको प्राथामिकताः** उद्धार गर्दा देहाय बमोजिम सहयोगापेक्षीको उद्धारलाई प्राथामिकतामा राख्न सकिने छ ।

(क) मनोरोग वा मनोसामाजिक समस्या भएका खुल्ला आकाशमुनी रात बिताउन बाध्य महिला,

(ख) खाने र बस्ने व्यवस्था नभएका अशक्त जेष्ठ नागरिक,

(ग) मनरोग वा सामाजिक समस्याको कारण स्वम आफनो लागी केहि गर्न नसक्ने अवस्थामा रहेका सडक आश्रित सहयोगापेक्षी मानव,



(घ) बालबालिकाको हकमा बालबालिका खोजतलास समन्वय केन्द्रलाई जानकारी गराउदा समेत उद्धार हुन नसकेका बालबालिका,

(ङ) दफा ७ बमोजिम निर्देशक समितिले सिफारिस गरेका अन्य प्रकारका सडक आश्रित सहयोगापेक्षी मानव ।

## परिच्छेद-३
## समिति सम्बन्धी व्यवस्था

७. **निर्देशक समितिः** (१) सडक आश्रित सहयोगापेक्षी मानवको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा नीतिगत समन्वय तथा सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष — संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य
(ग) प्रमुख प्रसाशकीय अधिकृत — सदस्य
(घ) सामाजिक विकास समितिको संयोजक — सदस्य
(ङ) महिला तथा बाल बालिका शाखा प्रमुख — सदस्य
(च) गाउँपालिका अध्यक्षले मनोनित गरेको एक जना गैर सरकारी संस्था (सम्बन्धित क्षेत्रमा काम गर्ने ) को प्रतिनिधी — सदस्य
(छ) गाउँपालिका अध्यक्षले मनोनित गरेको एक जना महिला सहित दुई सामाजिक क्षेत्रमा योगदान पुर्‍याएका व्यक्तीहरु मध्येबाट — सदस्य
(ज) सामाजिक विकास अधिकृत — सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार गाउँपालिकाका पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा भागलिन आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(४) समितिले दफा ९ बमोजिम कार्यकारी समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) समितिको सचिवालयको काम सामाजिक विकास शाखाले गर्नेछ ।

८. **निर्देशक समितिको काम,कर्तव्य र अधिकार :** दफा ७ को उपदफा (१) बमोजिम गठित कार्यकारी समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सडक आश्रित सहयोगापेक्षी मानवहरुको व्यवस्थापनको निम्ती स्रोत साधन व्यवस्थापन सम्बन्धमा आवश्यक सहजीकरण गर्ने ।

(ख) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने

(ग) समय-समयमा अनुगमन गर्ने ।

**९. कार्यकारी समिति:**(१) समितिलाई आवश्यक सहयोग गर्ने देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) शिक्षा शाखा प्रमुख | सदस्य |
| (ग) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

(२) कार्यकारी समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक बस्नेछ ।

(३) कार्यकारी समितिको बैठकमा आवश्यकता अनुसार सरोकारवाला वा सम्वन्धित वडाका प्रतिनिधिलाई आमन्त्रण गर्ने सकिनेछ ।

**१०. कार्यकारी समितिको काम,कर्तव्य र अधिकार:** कार्यकारी समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सडक आश्रित सहयोगापेक्षी मावनहरुको व्यवस्थापन गर्न आवश्यक प्रक्रियागत सहजीकरण गर्ने,

(ख) स्रोत व्यवस्थापनका लागी समन्वय गर्ने

(ग) सडक आश्रित सहयोगापेक्षी मानवको व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(घ) निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ङ) सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार,संरक्षण र व्यवस्थापनमा वडा सरोकारवाला निकायासँग समन्वय गर्ने,

(च) सडक आश्रित सहयोगापेक्षी मानवको अवस्था सम्बन्धमा भएका कार्यहरु अनुगमन गर्ने

(छ) सडक आश्रित सहयोगापेक्षी मानवको व्यवस्थापन सम्बन्धमा भएका कार्यहरु र प्रगती बिवरण तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(ज) संस्थामा आश्रित व्यक्तिहरुले प्राप्त गरेको सेवाहरुको विश्लेषण गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(झ) जीवउपयोगी सीप सिक्न इच्छुक आश्रित व्यक्तिहरुको लागी कार्ययोजना तयार गरी गाउँपालिका समक्ष पेश गर्ने,

(ञ) संस्थाले सम्झौता अनुसार काम गरे नगरेको अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ट) निर्देशक समितिले तोकेका अन्य कार्यहरु गर्ने,



## परिच्छेद-४
## सेवाको प्रकार र स्रोत व्यवस्थापन

**११. सेवाका प्रकार :** (१) उद्धार गरीएका सडक आश्रित सहयोगापेक्षी व्यक्तिहरुको लागी संस्थाले सुरक्षित र संरक्षित वातावरणमा देहाय बमोजिमको सुविधा र सेवा प्रवाह गर्नेछ ।

(क) सुरक्षित आवास व्यवस्थापन

(ख) लता कपडा र दैनिक प्रयोगका सामाग्रीको व्यवस्थापन

(ग) मनोसामाजिक परामर्श तथा मनोसामाजिक व्यवस्था

(घ) सरकारी अस्पतालमा स्वास्थ्य उपचार

(ङ) कानुनी सहयोग तथा परामर्श

(च) शिक्षा,सिप विकास,व्यवसायिक,तालिम तथा क्षमता बिकास

(छ) निर्देशकं समितिले तोके बमोजिम स्वरोजगारमुलक तालिम

(ज) पुर्नस्थापना तथा पारिवारिक पुर्नमिलन

(झ) निर्देशक समितिले उपयुक्त ठानेको अन्य सेवाहरु

(ञ) पालन पोषणका लागी खाद्यान्न तरकारी र फलफुल

(ट) मनोरञ्जन,खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन ।

(२) उपदफा (१) बमोजिमको सेवा सञ्चालनको लागी पालिकाले संस्थालाई सम्झौता बमोजिमको रकम उपलब्ध गराउनेछ ।

(३) थप स्रोत व्यवस्थापनका लागी संस्थाले अन्य संघसंस्था,निजि संघसंस्था,व्यक्ति लगाएत अन्य निकायबाट समेत सहयोग लिन सक्नेछ ।

**१२. स्रोत व्यवस्थापन:** (१) उद्धार गरीएका सडक आश्रित सहयोगापेक्षी मानवलाई सुरक्षित रुपमा संरक्षण तथा व्यवस्थापन गर्न पर्ने गाउँपालिका सालबसाली रुपमा बिनियोजित बजेटबाट खर्च गरीने छ ।

(२) गाउँपालिकाले कार्यक्रम कार्यन्वयन गर्दा स्वीकृत बजेटको परिधिभित्र रहि थप आर्थिक व्ययभार नपर्ने गरी वा स्रोत सुनिश्चिता प्राप्त भएपछि मात्र सञ्चालन गर्नेछ ।

## परिच्छेद-५

## निकायगत जिम्मेवारी

**१३. गाउँपालिका सरकारको भुमिका :** कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिका सरकारको भुमिका देहायबमोजि हुनेछ ।

(क) गाउँपालिका भित्र सडक आश्रित सहयोगापेक्षी व्यक्तिको पहिचान उद्धार संरक्षण तथा व्यवस्थापनका लागी नीतिगत निर्णय गर्ने

(ख) सडक आश्रित सहयोगापेक्षी मानवको आवासीय संरक्षण तथा व्यवस्थापनका लागी पालिका भित्रका संस्थाको भौतिक संरचना निर्माणमा आवश्यक सहयोग गर्ने

(ग) सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार,संरक्षण र व्यवस्थापन कार्यमा स्थानिय प्रहरी प्रसाशन र स्थानियहरु संग समन्वय गर्ने

(घ) गाउँपालिका भित्रका सडक आश्रित सहयोगापेक्षी व्यक्तिको पहिचान,उद्धार,सरक्षण तथा व्यवस्थापनका लागी सम्वन्धित निकाय संग समन्वय गर्ने ।

(ङ) समय-समयमा सम्वन्धित संस्थाको अनुगमन,मुल्याङकन तथा नियमन गरी आवश्यक निर्देशन गर्ने

(च) उद्धार गरीएका व्यक्तिहरुको अभिलेख विवरण तयार गर्ने

**१४. <u>सम्बन्धित संस्थाको भुमिका</u> :**कार्यक्रम कायान्वयन गर्न सम्बन्धित संस्थाको भुमिका देहाय बमोजिम हुनेछ ।

(क) दफा ११ बमोजिम सेवा तथा तातोपानी गाउँपालिकासँग सम्पन्न गरीने सम्झौता बमोजिमको सेवा प्रदान गर्ने

(ख) संस्थामा रहेका सडक आश्रित सहयोगापेक्षी व्यक्तिहरुको वैयक्तिक विवरण राख्ने र अद्यावधिक गर्ने

(ग) सडक आश्रित सहयोगापेक्षी मानवको पहिचान,उद्धार,संरक्षण,पुर्नस्थापना लगाएत व्यवस्थापनमा भएका कार्यहरुको भौतिक तथा बित्तिय प्रगती प्रतिवेदन मासिक,चौमासिक र वार्षिक रुपमा सम्बन्धित वडा र गाउँपालिकामा पेश गर्ने

(घ) उद्धार संरक्षण तथा व्यवस्थापनका लागी सम्बन्धित वडा र सरोकारवाला निकायासँग समन्वय र सहकार्य गर्ने

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सितालकोट,जुम्ला कर्णाली प्रदेश,नेपाल २०७३



## परिच्छेद-६

## संस्था छनौट,सम्झौता र नविकरण

**१५. संस्था छनौट प्रक्रियाः** (१) गाउँपालिकाले संस्था छनौटको लागी आवश्यक आधार तयार गर्नेछ ।

(२) तातोपानी गाउँपालिकाले प्रचलित दर्ता भएका सडक आश्रित सहयोगापेक्षी मानव,उद्धारको क्षेत्रमा काम गरीरहेका संस्थाहरुको रोष्टर तयार गर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार भएको रोष्टरको आधारमा सार्वजनिक सुचानाद्धारा प्रस्ताव माग गरीनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त हुन आएका प्रस्ताव मध्येबाट प्रचलित कानुन बमोजिम प्रतिस्पर्धाको आधारमा संस्थाको छनोट गरीनेछ ।

**१६. सम्झौता :** (१) दफा १५ को उपदफा (१) बमोजिम छनोट गरेको संस्थासंग तातोपानी गाउँपालिकाले सम्झौता गर्नेछ ।

(२) छनौट भई सम्झौता भएको संस्थाले तोकिएको मिति देखी सडक आश्रित सहयोगापेक्षी मानव व्यवस्थापन र संरक्षण गर्ने कार्य सुरु गर्नेछ ।

(३) आवश्यकता अनुसार तातोपानी गाउँपालिकाले उपदफा १ बमोजिम संस्थासँगको सम्झौताको नविकरण गर्न सक्नेछ ।

(४) उपदफा १ बमोजिम भएको संस्थाले गाउँपालिका संग समन्वय र सर्म्पक गर्न सर्म्पक व्यक्ति <u>तोक्नु</u> पर्नेछ ।

(५) उपदफा १ बमोजिम सम्झौता भएको संस्थाले सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार संरक्षण र व्यवस्थापनमा भएको कार्यहरुको प्रतिवेदन नियमित रुपमा गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(६) उपदफा १ बमोजिम सम्झौता भए पश्चाप दफा १८ को उपदफा (१) बमोजिम आवश्यक प्रक्रिया पुरा गरी तातोपानी गाउँपालिकालाई सडक आश्रित सहयोगापेक्षी मानव मुक्त पालिका घोषणा गरीनेछ ।

**१७. <u>घोषणाका आधारमा सुचकहरु</u>:(१) दफा ३ को (ग)** बमोजिम सडक आश्रित सहयोगापेक्षी मानवमुक्त पालिका घोषण गर्दा अनुसुची १ मा उल्लेखित सुचक पुरा गरी घोषणा गरीनेछ ।

(२) घोषणा पश्चाप अनुसुची-२ मा उल्लेखित मानवता प्रवर्द्धनका विषयमा जिम्मेवार निकाय र सम्वन्धित सरोकारवालाले प्रतिवद्धता जनाउनेछन ।

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सितालकोट,जुम्ला कर्णाली प्रदेश,नेपाल २०७३

## परिच्छेद-७
## विविध

**१८. अनुगमनः** (१) यस कार्यविधि बमोजिमको संस्थाको अनुगमन तातोपानी गाउँपालिकाले गर्न सक्नेछ ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिम सञ्चालित संस्थाको आवधिक अनुगमन गरी सोको प्रतिवेदन गाउँपालिकामा पठाउनु पर्नेछ, रकमको खर्चको लेखा राख्ने ।

**१९. लेखापरिक्षण तथा सामाजिक परिक्षणः** यस कार्यविधि बमोजिम छनौट भएका संस्थाले प्राप्त गरेको बजेट रकमको खर्चको लेखा राख्ने प्रचलित कानुन बमोजिम लेखापरिक्षण गर्ने गराउने र सामाजिक परिक्षण गराउने दाहित्व सम्बन्धित संस्थाको हुनेछ।

**२०. समन्वय तथा मार्गदर्शनः** यस कार्यबिधि बमोजिम रकम प्राप्त गरी सञ्चालनमा रहेका संस्थाको व्यवस्थित र प्रभाबकारी सञ्चालनका लागी गाउँपालिकाले समय समयमा सम्बन्धित वडाहरुलाई आवश्यक समन्वय तथा मार्गदर्शन गर्न सक्नेछ ।

**२१. बाधा अड्काउ फुकाउने अधिकारीः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउनेछ ।

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिताकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७४



## अनुसुची-१
### (दफा १७ को उपदफा (१) सँग सम्बन्धित)
### सूचकहरु
### सडक आश्रित सहयोगापेक्षी मानवमुक्त तातोपानी गाउँपालिका घोषणा गर्नका लागी सूचकहरु

१. तातोपानी गाउँपालिका सरकारको योजना,वार्षिक नीति तथा कार्यक्रममा सडक मानवमुक्त पालिका घोषणा गर्ने बिषय समावेश भएको छ ।

२. उद्धार तथा पारिवारीक पुर्नमिलन,पुर्नस्थापना एवम सडक मानव व्यवस्थापन समर्पित संघसंस्थाहरुको संस्थागत तथा पूर्वाधार सुदृढीकरणका कार्यक्रम सञ्चालन भईरहेका

३. मानवता प्रवर्द्धनका लागी सचेतनामुलक कार्यक्रम सञ्चालन भइरहेका

४. सार्वजनिक स्थलमा सहयोगापेक्षी मानव नहुनु र कुनै किसिमले भएमा तुरुन्त उद्धार गर्न सक्ने संयन्त्र तयार हुनु ।

५. सहायोगापेक्षी व्यक्तिहरुको आश्रयसहितको संरक्षण तथा व्यवस्थापनका लागी भौतिक संरचना निर्माण कार्य प्रारम्भ हुनु ।

**सडक आश्रित सहयोगापेक्षी मानवमुक्त मान्ने अवस्था**

| सि.नं | सार्वजनिक स्थल वा सडक छेउमा भेटिने मानवहरुको प्रकृति | उद्धार गरी पुर्नस्थापना गर्ने जिम्मेवार | सहयोगापेक्षी सडक मानवमुक्त मान्ने अवस्था |
|---|---|---|---|
| १. | खुल्ला आकाशमा रात बिताउन विवश घरपरिवार विहिन परिवार तथा समाजबाटै वेहसारा,अनार्थ,अपाङ्ग भएका अशक्त,असाहय,मनोरोगी तथा जीवन नै संकटमा रहेका तथा जुनसुकै उमेर समुहका साहाराको आवश्यक भएका मानवहरु | सम्बन्धित वडाका स्थानीय नागरिक,सुरक्षा ईकाइको सहयोगमा मानव सेवा आश्रम वा अन्य पुर्नस्थापना केन्द्र | फेला परेका सुचना पाएकै दिन (२४ घण्टा भित्रै) आश्रम वा पुर्वस्थापना केन्द्रमा गरी सुरक्षित आश्रम पाएको हुनेछ । |
| २. | मजुदुरी गरी न्युनतम पारिश्रमिकबाट जीवनयापन गर्न नसकी अस्तव्यस्तरुपमा सार्वजनिक स्थल र सडकमा भेटीने श्रमिकहरुको वा कामदार व्यक्तिहरु | रोजगारदाताले नै सेल्टरको व्यवस्था गर्नुपर्ने । | सम्बन्धित रोजगारदाताले सुचना पाएको २४ घण्टाभित्र सडकबाट उठाई मानविय र वैकल्पिक व्यवस्था |

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिताकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७४

| | | | |
|---|---|---|---|
| | | | गर्ने । |
| ३. | जाँड, रक्सी लागुपदार्थ सेवन गरी सडक छेउ वा सार्वजनिक संरचनाहरुमा अशोभनीयरुपमा बस्ने,सुत्ने गरेका व्यक्तिहरु | प्रहरी,प्रसाशनले हटाउने तर गाउँनगर प्रहरी,वडा कार्यालय र अन्य सुरक्षा निकायाले पनि परिवारमा मानव सेवा आश्रममा पठाउन सहयोग गर्ने । | फेला परेको २४ घण्टा भित्र सार्वजनिक स्थलमा वस्न छाडेको हुनेछ । |
| ४. | फिरन्ते मानवहरु वा तीर्थवर्त वा धर्मका लागी आएका व्यक्तिहरु | स्थानीय नागरिक र सुरक्षा निकायाले निजलाई धर्मशालामा जान सहयोग गर्ने । | सुचाना प्राप्त भएको २४ घण्टा भित्र निज व्यक्तिहरु धर्मशालामा पुगेका वा अन्यत्र व्यवस्थापन गरेको हुनेछ । |
| ५. | पेसेवर मगन्तेहरुको रुपमा रहेर वा प्रयोगमा ल्याएर सार्वजनिक स्थल र सडकमा जिवनयापन गर्ने | स्थानीय तह,सुरक्षा निकाया वा मानव सेवा आश्रम नागरिक परामर्श गरी स्थायी ठेगानामा पुर्नस्थापना वा पुर्नमिलनका लागी पठाउने | फेला परेको २४ घण्टाभित्र |



## अनुसुची-२
(दफा १७ को उपदफा (२) सँग सम्वन्धित)

**मानव प्रवर्द्धनका लागी प्रतिबद्धता जनाउनु पर्ने बिषयहरु**

(क) गाउँपालिका सरकारबाट नीति तथा कार्यक्रम तर्जुमा गर्दा मानवता तथा मानव सेवाको बिषयलाई महत्वका साथ समेटने।

(ख) युवाहरुमा माववियता सम्वन्धी औपचारिक तथा अनौपचारीक शिक्षाको माध्यमबाट समेट्ने

(ग) मानवता र नैतिकताका बिषयहरुको जोड दिने,

(घ) परिवारका सदस्यहरुको रेखदेखका लागी उपयुक्त व्यवस्था गर्नपर्ने,

(ङ) समुदायमा जेष्ट नागरिकहरुको विश्रामस्थल बनाउन अन्य रचनात्मक गतिविधिमा सहभागी हुनका लागी आवश्यक व्यवस्था गर्नपर्ने,

(च) सार्वजनिक स्थलमा वा सडकमा कोही असहाय वा सहयोगापेक्षी व्यक्ति फेला परेमा सम्वन्धित वडा वा नजिकको प्रहरी इकाइमा सुचना गर्ने,

(छ) जेष्ठ नागरिकहरुलाई उपचारको सहज व्यवस्था र असहाय एवम् वेवारिसे व्यक्तिहरुलाई आश्रमस्थलसम्म पुर्याउन सहयोग गर्ने,

(ज) सबैखाले लालिम कार्यक्रम तथा अभिमुखिकरण कार्यक्रम मानवता प्रवर्द्धनसँग सम्वन्धित समावेश गर्ने,

(झ) सार्वजनिक स्थान,बिद्यालय तथा क्याम्पसहरुमा मानवता प्रवर्द्धनसम्बन्धी नाटक एवम् उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने,

आज्ञाले
तीर्थ बहादुर कठायत
प्रमुख प्रशासकिय अधिकृत

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिताकोट,जुम्ला
कर्णाली प्रदेश,नेपाल
२०७२